नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :.........................

## प्रेस विज्ञप्ति

आज मिति २०७४ असोज ९ गते सोमबारका दिन माननीय कार्यवाहक प्रधानमन्त्री बिजयकुमार गच्छदारको संयोजकत्वमा बसेको मन्त्रीहरूको बैठकबाट देहाय बमोजिम निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

**निर्णयः**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/६/२ गतेको बैठकमा "चिकित्सकको चरम लापरवाही (Gross Negligence) का कारणले विरामीको मृत्यु वा अङ्गभङ्ग भएमा घटनाको स्वतन्त्र अनुसन्धान, पेशागत वा व्यवसायिक विमा (Professional Liability Insurance) र क्षतिपूर्ति लगायतका आवश्यक विषयहरूलाई व्यवस्थित गर्न स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने।" भन्ने निर्णय भएको विषयलाई लिएर नेपाल चिकित्सक संघले सो निर्णय फिर्ता लिनुपर्ने लगायतका अन्य मागहरू समेत राखी स्वास्थ्य संस्थाहरूको बहिरंग (OPD) सेवा बन्द गरेको विषयमा आजको आकस्मिक बैठकमा गम्भीर छलफल भयो ।

सम्माननीय प्रधानमन्त्री संयुक्त राष्ट्रसंघको ७२औं महासभामा भाग लिन संयुक्त राज्य अमेरिकाको भ्रमणमा हुनु भएकोले आगामी मन्त्रिपरिषद्को बैठकबाट नेपाल चिकित्सक संघले राखेका स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षालगायतका मागहरूका बारेमा सम्बोधन हुने हुँदा नागरिकको स्वास्थ्य सेवा प्राप्त गर्ने संवैधानिक हकलाई सम्मान गर्दै स्वास्थ्य सेवा बन्द गर्ने निर्णय अविलम्व फिर्ता लिन नेपाल चिकित्सक संघलाई आग्रह गर्ने ।

२०७४ असोज ९ गते

...................................
हरि प्रसाद पन्थी
प्रवक्ता/सहसचिव


टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np